


# प्रहरी दर्पण २०४६

# POLICE MIRROR 1989

श्री ५ को सरकार
माननीय गृह राज्यमन्त्री
श्री निरञ्जन थापाको
निजी सचिवालय — सिंहदरबार
काठमाडौं।

"व्यक्तिको स्वार्थ भन्दा समाजको हित ठूलो हुन्छ, त्यस्तै समुदायको स्वार्थ भन्दा देशको हित ठूलो हुन्छ" भन्ने प्रेरक वाणी बक्स भई मुलुक, मुकुट र मुलुकीको सेवामा प्रत्येक नागरिकलाई कर्तव्यनिष्ठ एवं अभिप्रेरित तुल्याइबक्सने **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४१ औं** शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीले विगत वर्षहरूमा झैं यस वर्ष पनि प्रहरी गतिविधि तथा कृयाकलापहरूको संगालो "प्रहरी दर्पण २०४६" प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ।

कुनै पनि देशको सर्वतोमुखी विकासको लागि सुरक्षा एक आधारभूत आवश्यकता हुने कुरालाई हृदयङ्गम गरी नेपाली जनजीवनमा सुरक्षात्मक भावनाको अभिबृद्धि गर्न हमेसा दत्तचित्त रहेको नेपाल प्रहरीको वार्षिक कृयाकलाप एवं गतिविधिलाई प्रहरी दर्पण मार्फत सर्वसाधारणमा जानकारी दिलाउने कार्यको प्रशंसा गर्नु सम-सामयिक नै हुने छ।

यस्तो प्रकाशनबाट देश नरेश र व्यवस्था प्रति जनविश्वास एव जनआस्था अभिबृद्धि गर्न बल मिल्नुका साथै प्रत्येक प्रहरी कर्मचारीलाई सदैव ईमान्दारी तथा वफादारीपूर्वक कार्य सम्पादन गर्न उत्साहित गराई प्रहरी छवी उज्ज्वल तुल्याउन महत्त्वपूर्ण सघाउ पुग्ने छ भन्ने मेरो विश्वास छ।

अन्तमा "प्रहरी दर्पण २०४६" को सफलताको कामना गर्दछु।

(निरञ्जन थापा)
गृह राज्यमन्त्री



## MESSAGE FROM HON. MINISTER OF STATE FOR HOME MR. NIRANJAN THAPA

"Welfare of the Community transcends the self interest of an individual in importance; likewise the interest of a nation is greater than that of a community" - are the inspiring words of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah who has been the guiding spirit inspiring us all towards the noble path of serving the country, crown and countrymen. I am delighted, therefore, to learn that Nepal Police is commemorating the 41st auspicious birthday of Her Majesty the Queen, as in previous years, by publishing a souvenir volume, "Police Mirror, 1989" incorporating therein the activities of the police force that have taken place during the course of the year.

It will be timely to record our appreciation of the efforts of the police force to seek to highlight the year-round developments in, and activities, of Policemen by means of a publication such as the "Police Mirror" for the information of the general public, to enhance whose overall sense of security the members of this Force are always at work with due devotion and on the basis of the realisation that security is a basic need for the allround development of any nation.

I believe that such a publication will go a long way in contributing to the promotion of public faith and confidence in institutions such as the country, crown and system and also towards brightening the Police-image by encouraging each member of the Force to discharge his or her duties with honesty and devotion at all times.

In conclusion, I wish the "Police Mirror 1989" all success.


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह सरकारको
४१औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं।

सुरज आर्केड
८/५९ मखन टोल
काठमाडौं नेपाल



ON THE AUSPICIOUS AND HAPPY BIRTHDAY
OF
HER MAJESTY QUEEN
AISHWARYA RAJYA LAXMI DEVI SHAH
WE HUMBLY EXTEND HEARTIEST
FELICITATIONS AND BEST WISHES

**Anil Kumar**
Amar Shakti Enterprises Pvt. Ltd.
New Road, Kathmandu, Nepal

श्री ५ को सरकार
गृह मन्त्रालय

# MESSAGE FROM ACTG.HOME SECRETARY



सिंह दरबार

**श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** एकचालिसौं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा विगत वर्षहरूमा झैं यस वर्ष पनि "प्रहरी दर्पण" प्रकाशन हुन लागेकोमा मलाई ज्यादै खुशी लागेको छ।

यस पावन घडीमा म सर्वप्रथम मौसूफको सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय कामना गर्दै मौसूफका पाउमा सभक्ति शुभकामना बिन्ति चढाउँछु।

राजमहिषी **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार** आदर्शताकी प्रतिमूर्ति, ममताकी प्रतीक र नेपाली मात्रकी हृदय साम्राज्ञी एवं समाजसेवाकी अनुरागी होईबक्सन्छ। मौसूफ सरकारको शुभजन्मोत्सव नेपाली मात्रको अति महत्त्वपूर्ण राष्ट्रिय चाड रही आएको छ। मौसूफको शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा आफ्ना विविध क्रियाकलाप, विकास र कार्यक्रमहरूको बारेमा प्रकाश पार्ने किसिमको 'प्रहरी दर्पण' प्रकाशन गर्नु नेपाल प्रहरीको उच्च राजभक्तिको परिचायक हो। यस गौरवमय परम्परालाई कायम राख्न नेपाल प्रहरी सदा झैं तत्पर, अग्रसर, क्रियाशील र सक्षम रहनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु।

मुलुकमा शान्ति सुव्यवस्था, अमनचयन कायम गराउने गरीमामय कार्यमा संलग्न प्रहरीको नीतिगत, संगठनात्मक, व्यवस्थापकीय एवं प्रक्रियागत पक्षका साथै प्रहरीका विभिन्न क्रियाकलाप माथि प्रकाश पार्ने "प्रहरी दर्पण" एक समसामयिक प्रकाशन हो। यस प्रकाशन प्रहरी लगायत सम्बन्धित सबैलाई उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा नेपाल प्रहरी उच्च राजभक्तिको परम्परालाई कायम राखी सदा झैं अनुशासन र कर्तव्यपरायणतालाई सर्वाधिक महत्त्व दिंदै आफ्नो कार्य क्षेत्रमा संलग्न रहनेछ भन्ने विश्वास लिंदै यस प्रहरी दर्पणको सफलताको लागि शुभ-कामना र यस कार्यसंग सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।

(भक्तबहादुर कोईराला)
का.मु. सचिव

**MR. BHAKTA BAHADUR KOIRALA**

I have been highly delighted to learn that the "Police Mirror" is coming out to mark the auspicious 41st Birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, as has been the case in previous years.

First, I would like to extend, on this auspicious occasion, sincere birthday felicitations to Her Majesty and offer her best wishes for a good health and a long life.

Her Majesty Aishwarya Rajya Laxmi Devi Shah is verily our ideals personified, is the empress of Nepalese hearts epitomising parental affection, and the guiding angel in the sphere of social service. Her Majesty's auspicious birthday has thus assumed the significance of a national festival for all Nepalese people. The publication of "Police Mirror" incorporating therein the varied activities and multifaceted programmes of development of Nepal Police on the occasion of Her Majesty's auspicious birthday amply highlights the great devotion Nepal Police holds for our esteemed Royalty. I have every hope and confidence that Nepal Police will, as in the past, remain ever effortful, enthusiastic, active and capable in upholding this glorious tradition.

The "Police Mirror" is a publication that throws light on the varied activities of the Police, besides other facets like the policies, organisation, management, procedure and practices of the police force known for its glorious role in the maintainance of law and order, peace and tranquility in the country.

In conclusion, while expressing my confidence that members of this force shall, as ever, uphold the highest tradition of loyalty towards the crown and remain dutiful to the utmost in the discharge of its responsibilities, I take this opportunity to record my good wishes for the success of this publication and to thank all who have been associated with this venture.

**Hearty Felicitations to Her Majesty**
On Her 41st Happy Birthday
नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank Limited
KANTI PATH, P.O.BOX: 3729, KATHMANDU, NEPAL
TEL: 227181, 226785, 86, 87 TLX: 2385 NABIL NP

# प्रहरी महानिरीक्षक श्री हेमबहादुर सिंहको सन्देश



राजमहिषी **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** ४१औं शुभ-जन्मोत्सवको पावन अवसरमा प्रथमतः नेपाल प्रहरीको तर्फबाट मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको लागि श्री पशुपतिनाथसंग प्रार्थना गर्दै सद्‌भक्तिपूर्वक मंगलमय शुभकामना बिन्ती चढाउँछु।

सामाजिक विकासको लागि शान्ति सुरक्षा आधारभूत आवश्यकता हो। यस आधारभूत आवश्यकतालाई कायमराख्ने दायित्त्व प्रहरी संगठनको हो। यस्तो गहन एवं चुनौतीपूर्ण दायित्व निर्वाह गर्नपर्ने नेपाल प्रहरीलाई समयानुकूल दक्ष, योग्य तथा साधनयुक्त बनाउने तर्फ भएका निरन्तर प्रयास र यसका उपलब्धिहरूको सचित्र वर्णन सहित प्रहरी दर्पण २०४६ ले सदा झैं यस पटक पनि नेपाल प्रहरीको संगठनात्मक स्वरूप लगायत प्रहरीका बहुआयामिक कृयाकलापहरूको संक्षेपमा भएपनि केहि प्रकाश पार्ने जमर्को गरेको छ भन्ने मैले ठानेको छु। यस प्रहरी दर्पणको प्रकाशनार्थ अथक परिश्रम तथा लगनशीलताका साथ कार्य गर्ने सम्पादकीय मण्डल प्रशंसाका पात्र छन्।

मौसूफ सरकारको शुभजन्मोत्सवको यस शुभ घडिमा हामी समस्त प्रहरी अटल राजभक्ति प्रदर्शित गर्दै अझ बढी अनुशासित, नैतिकवान् र कर्तव्यनिष्ठ भई देश, नरेशको सेवामा दत्तचित्त रही निरन्तर कर्तव्यरत रहने प्रणलाई पुनः दोहोऱ्याउँछौं।



## MESSAGE FROM CHIEF OF POLICE MR. HEM BAHADUR SINGH

At the outset, I, on behalf of Nepal Police, pray Lord Pashupatinath to bestow Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah a long life, good health and perpetual marital bliss on the auspicious occasion of Her Majesty's 41st birthday, and offer bitrhday felicitations with the utmost loyalty and devotion.

Peace and security are the basic needs for social advancement. The responsibility of preserving this basic need lies on the shoulders of the police organisation. I believe the "Police Mirror 2046" seeks to throw adequate light on the constant efforts undertaken to make Nepal Police more efficient, skillful and capable in keeping with the need of the times so that its members can discharge this onerous and challenging responsibility, besides highlighting the achievements made so far in its colourful pages, as in previous years, along with the organisational set-up and its multifaceted activities, albeit in brief. The Editorial members deserve kudos for their dogged determination and tireless efforts to bring out this publication.

We, all the members of the police force, reiterate once again, on this auspicious birthday of Her Majesty, our sworn determination and promise to remain ever more dutiful, disciplined and devoted in our services to the crown and the country by displaying our unflinching allegiance and by attaining higher standards of discipline, morality and call of duty.


श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४१ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

स्यांगजा जिल्ला उद्योग वाणिज्य संघ
स्यांगजा, गण्डकी अंचल, नेपाल।



श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह सरकारको
४१औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं।

कलैया नगर पंचायत कार्यालय
कलैया, बारा, नारायणी अंचल
नेपाल।

# सम्पादकीय

**श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४१औं शुभजन्मोत्सवको** पुनीत उपलक्ष्यमा प्रकाशित यस प्रहरी दर्पण २०४६, विगत वर्षहरूमा जस्तै प्रहरी सेवाको चौतर्फी गतिविधि तथा कृयाकलापहरूको कोसेली लिएर पाठकहरू समक्ष आएको छ।

यस प्रकाशनले पाठकहरू समक्ष प्रहरी गतिविधि तथा कृयाकलापलाई कतिको स्पष्ट रूपमा प्रस्तुत गर्न सक्षम भएको छ, त्यसलाई सूक्ष्म रूपले केलाई, मन्थन गरी आफ्नो राय, सुझाव तथा प्रतिकृयाहरू पठाई दिनुभएमा सम्पादकमण्डललाई यथेष्ट सहयोग मिल्ने थियो र आगामी अंकमा बढी परिमार्जित सामग्री साथ पाठकहरूको सेवामा आउन सक्ने अपेक्षा राखेका छौं।

प्रहरी दर्पणमा प्रकाशनार्थ सन्देशहरू पठाई दिनुभएकोमा माननीय गृह राज्यमंत्री श्री निरन्जन थापाज्यू, का.मु. गृह-सचिव श्री भक्तबहादुर कोइरालाज्यू तथा प्रहरी महा-निरीक्षक श्री हेमबहादुर सिंहज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछौं।

यस प्रहरी दर्पणलाई प्रकाशन गर्न विज्ञापन दिई सहयोग गर्ने सम्पूर्ण विज्ञापनदाताहरू, प्रहरी दर्पणको निःशुल्क ओसार-पसार गरी विशेष सहयोग प्रदान गर्ने शाही नेपाल वायुसेवा निगम, तथा विज्ञापन संकलनमा सहयोग गर्नुहुने सबै प्रहरी इकाइहरूप्रति सधन्यवाद हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

# EDITORIAL

In keeping with our tradition of the past years, we take this opportunity to present to you, dear readers, this issue of the "Police Mirror, 2046", which incorporates, in its pages, write-ups and news coverage on police activities and developments in the course of the year.

While its editorial board has left no stones unturned to provide as comprehensive a coverage as possible, we as its members do solicit comments and suggestions from our readers so that we could strive all the more to bring it up to their desired expectations in the forthcoming editions.

We take this opportnity to express our gratefulness towards Hon. Minister of State for Home, Mr. Niranjan Thapa, Actg. Home Secretary Mr. Bhakta Bahadur Koirala and Chief of Police, Mr. Hem Bahadur Singh, for their kind message of encouragement and felicitations.

We are highly indebted also to those extending patronage to the "Police-Mirror" by way of advertisements, to Royal Nepal Airlines for co-operation in airlifting its copies between different destinations and to all police outfits for helping secure advertisement support.


NOT BOUND BY A CHAIN




THE EVEREST HOTEL

*A Five Star Deluxe Property*

**The Everest Hotel:**
**162 rooms, 6 theme suites,** 9 restaurants and bars including Nepal's first discotheque, a Business Centre, Tennis Courts, Swimming Pool, Beauty Parlour, Health Club, the largest Conference Hall in Kathmandu, Courtesy Coach Service and a view of the Himalayas as incomparable as our service.

Offers 2500 years of culture and authentic Nepalese hospitality with the confidence of 8 years of International expertise in anticipating guest needs and handling them.

**The Everest Hotel**

P. O. Box 659, BANESWOR, KATHMANDU, NEPAL
TEL: 220567 FAX: 977-1-226088 TELEX: 2260 HOTEVS NP

*A place for the discerning traveller !*

# प्रहरी दर्पण

वार्षिक प्रकाशन: दर्ता नं. ०१।०४१

## सम्पादकीय मण्डल

प्र.ब.उ. श्री धनबीर राई – प्रधान सम्पादक
प्र.ना.उ. श्री मोहनबहादुर पाण्डे – सम्पादक
प्र.ना.उ. श्री भरत चुडाल – सह-सम्पादक
प्र.नि. श्री भीष्म प्रसाई – सहायक-सम्पादक

## सल्लाहकार मण्डल

प्र.अ.म.नि. श्री रत्न शम्शेर ज.ब.रा.
प्र.ब.उ. श्री गोविन्द कर्म थापा
" श्री मोतीलाल बोहरा प्र.व.उ. श्री रूद्रबहादुर पाण्डे
" श्री अच्यूतकृष्ण खरेल
" श्री द्वारिका बहादुर श्रेष्ट

## छाया चित्रकारी

प्र.नि. खेम घले
प्रहरी प्रधान कार्यालय छाया चित्रकारी शाखा

## प्रकाशक:

प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

## विषय सूची

१. संगठन १३
२. तालीम २५
३. समारोह ३९
४. महत्वपूर्ण झाँकीहरू ५३
५. श्रृजनशीलता ७७
६. खेलकूद ९१
७. अतिरिक्त क्रियाकलाप १०१

# POLICE MIRROR:

An annual publication Regd. No. 01/041

## Editorial Board:

S.S.P. Dhanbir Rai, Chief Editor
D.S.P. Mohan B. Pandey, Editor
D.S.P. Bharat Chudal, Joint Editor
Inspector Bhisma Prasai, Asst. Editor

## Advisory Board:

Additional Chief of Police Ratna Shumsher J.B. Rana
S.S.P. G.K. Thapa
S.S.P. M.L. Bohara
S.S. P. A. C. Kharel
S.S.P. D.B. Shrestha
S.S.P. Mr. Rudra Bahadur Pandey

## Photographs:

Curtsey: Photography Section
Police Headquarters Nepal

## Photographer:

Inspector Khem Ghale

## Published by:

Police Headquarters Kathmandu, Nepal

## Table of Contents

1. The Organisation 13
2. Training 25
3. Celebrations 39
4. Spotlight 53
5. The Enterprising 77
6. Police Sports 91
7. Extra-Curriculam 101

While in Nepal Remember

**ANNAPURNA TRAVEL & TOURS (P) LTD.**

DURBAR MARG, P.O. BOX 1414
KATHMANDU, NEPAL

City Sightseeing
Sunrise and Sunset Trips
Excursions to Chitwan National Park,
Pokhara, Everest Region.
Mountain Flights, Trekking

OTHER SERVICES include onward air ticket booking, packing and air freight.

Telephone No. : 222339, 223530, 223763, 223940, 220215
CABLE : ANNATOURS' KATHMANDU TELEX : (0891) 2244 ATTOUR NP

# संगठन












# ORGANISATION

# पदोन्नति तथा अवकाश

प्रहरी नियमावली अनुसार पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार भएका प्रत्येक प्रहरी अधिकृत तथा जवानको शिक्षा, तालीम, कार्यदक्षता, आचरण, स्वास्थ्य, उमेर जस्ता आवश्यक मूलभूत गुणहरूको आधारमा मूल्यांकन गरी पदोन्नति गरिन्छ भने उमेरको हद तथा सेवा अवधिको आधारमा सेवानिवृत हुने व्यवस्था छ।

यसको अतिरिक्त श्री ५ को सरकारले चाहेमा अनिवार्य अवकास पनि दिन सक्छ आर्थिक वर्ष २०४५।४६ भरिमा निम्नानुसारको राजपत्रांकित प्रहरी अधिकृतहरूले पदोन्नति तथा सेवाबाट अवकाश प्राप्त गर्नु भएको छ।

## पदोन्नति

| | |
|---|---|
| **प्रहरी उपरीक्षक पदमा** | **३** |
| **प्रहरी नायब उपरीक्षक पदमा** | **१८** |
| **प्रहरी निरीक्षक पदमा** | **४८** |

## अवकाश

| | |
|---|---|
| प्रहरी नायब महानिरीक्षक | २ |
| प्रहरी उपरीक्षक | ३ |
| प्रहरी नायब उपरीक्षक | ३ |
| प्रहरी निरीक्षक | ६ |



प्र.म.नि. बाट प्र.ना.उ. दर्जामा पदोन्नति भएका एक अधिकृतलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै

Chief of Police presenting rank-emblem to an officer on promotion as a DSP



सेवानिवृत भएका प्र.ना.म.नि. श्री पूर्णबहादुर लामालाई प्रहरी महानिरीक्षक बिदाई उपहार दिनुहुँदै

Chief of Police presenting a farewell gift to D.C.O.P. Purna Bahadur Lama following his retirement



प्रहरी महानिरीक्षकबाट बिदाई उपहार प्रदान

A farewell gift presentation by Chief of Police



सेवानिवृत भएका प्र.उ. बलराम लोहनीलाई प्रहरी महानिरीक्षक बिदाई गर्नुहुँदै

Chief of Police bidding farewell to S.P. Balaram Lohani following his retirement

# PROMOTIONS AND RETIREMENT



मा. गृह राज्यमन्त्रीबाट अवकाश प्राप्त प्र.ना.म.नि. रणबहादुर चन्दलाई बिदाई उपहार

Hon. Minister of State for Home presenting a farewell gift to D.C.O.P. Rana Bahadur Chand

Promotions in the police service follow well-established regulations that take into account basic and essential criteria like the academic background, trainings, work efficiency, behavioural traits, health, age, etc. of each eligible candidate, whereas retirements follow in the wake of maximum age-limits and tenures of service. Additionally, His Majesty's Government may forcibly retire a police personnel at its discretion.

The following is an excerpt from the list of promotees and retirees among gazetted police officers in the course of the FY 2045/46 (1988/89).

## Promotions :

| | |
|---|---|
| Superintendents of Police | 3 |
| Deputy Superintendent of Police | 18 |
| Police Inspectors | 48 |

## Retirements :

| | |
|---|---|
| Deputy Chief of Police | 2 |
| Superintendents of Police | 3 |
| Deputy Superintendents of Police | 3 |
| Police Inspectors | 6 |



प्र.व.उ. श्री धनवीर राईले सेवानिवृत्त प्र.उ. श्री लोहनीलाई उपहार दिनुहुँदै

S.S.P. Dhanbir Rai presenting a farewell gift to retiree S.P. Lohani





बिदाइको क्षण

A moment of farewell

# प्रहरी झण्डामा परिवर्तन

# CHANGE IN FLAG DESIGN

२०४६ साल जेठ १३ गते बिहान सूर्योदयदेखि प्रहरी झण्डामा परिवर्तन गरिएको छ। परिवर्तित प्रहरी झण्डामा नीलो पृष्ठभूमिमा दायाँतर्फ राष्ट्रिय झण्डा र बायाँतर्फ प्रहरी मनोग्राम रहेको छ। यस अघि प्रहरी झण्डामा नीलो पृष्ठभूमिमा प्रहरी मनोग्राम मात्र रहेको थियो।

A change has been incorporated in the police penant since the morning of Jestha 13, 2046 (26 May 1989). The modified design features the national flag on the right with the police monogram on the left while retaining the blue background. The earlier version of the flag featured only the police emblem on a blue ground.



# टेलिभिजन कार्यक्रम - प्रहरी अनुरोध -

# TV PROGRAMME - POLICE REQUEST -

नेपाल प्रहरीले २०४६ जेठ १३ गतेदेखि नेपाल टेलिभिजनबाट प्रत्येक महीनाको दोस्रो र चौथो हप्ताको शुक्रबारको दिन बेलुकी २१०५ देखि १० मिनेटको ''प्रहरी अनुरोध'' टेलिभिजन कार्यक्रम प्रसारण गर्दै आएको थियो।

उक्त प्रहरी अनुरोध कार्यक्रमको लोकप्रियतालाई दृष्टिगत गरी यसलाई चालू आर्थिक वर्षदेखि १५ मिनेटको कार्यक्रम बनाइएको छ र पाक्षिक रूपमा मंगलबार साँझ १९०५ बजे प्रसारण गरिदै आएको छ।

अपराध रोकथाम, अनुसन्धान र सुरक्षा कार्यमा जनदायित्वका बिविध पक्षमा जनचेतना जागृत गराउँदै प्रहरी र जनता बीच आपसी सुमधुर सम्बन्ध विस्तार गर्दै लैजाने सो कार्यक्रमको उद्देश्य रहेको छ।




"Police Request" is the title of a 10 minute broadcast by Nepal Police at 2105 hrs over Nepal Television twice a month

In view of the popularity the programme gained in a very short time - the programme has been lengthened to fifteen minutes and the show goes on the screen on Tuesday fortnightly at 1905 hours.

Enhancing public awareness on various aspects of crime control and investigation, people's responsibility in law and order maintenance, etc., besides the promotion of police-people trust and goodwill are the objectives set forth by the programme.



नेपाल टेलिभिजनमा प्रदर्शन गरिने प्रहरी कार्यक्रमको भिडियो चलचित्र: निर्देशन तथा छायाङ्कन
Filming and Direction of Police Tele-film



# लागू औषध नियन्त्रण

संयुक्त राष्ट्र संघको आह्वानमा १९८९ लाई लागू पदार्थ दुरुपयोग तथा अवैध ओसार-पसार विरुद्धको अन्तर्राष्ट्रिय वर्ष मनाउने सन्दर्भमा नेपालमा २०४६ आषाढ १२ गते विभिन्न सरकारी निकाय, गैर सरकारी संघ-संस्था र नेपाल प्रहरी समेत सहभागी भई परिसम्वाद, प्रवचन, गोष्ठी आदिको आयोजना गरी भव्यतासाथ मनाइएको थियो।

१९८८ डिसेम्बरमा पाकिस्तानको इस्लामावादमा सम्पन्न चौंथो सार्क शिखर सम्मेलनले सन् १९८९ लाई "लागू पदार्थको दुरुपयोग र अवैध ओसार-पसार विरूद्ध वर्ष" को रूपमा मनाउने निर्णय गरे अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न गराउन श्री ५ को सरकारले माननीय गृह राज्यमन्त्री श्री निरंजन थापाको अध्यक्षतामा विभिन्न सरकारी निकाय, गैर सरकारी संघ-संस्था र नेपाल प्रहरी समेत समावेश रहेको राष्ट्रिय समिति गठन गरी उक्त समितिको संयोजकत्वमा २०४६ मंसीर २३ गते लागू पदार्थको दुष्प्रभाव बारे बढी जनचेतना जगाई यसको दुरुपयोग र अवैध कारोवारलाई कडाई साथ नियन्त्रण गर्न रेडियो नेपाल, नेपाल टेलिभिजन र पत्र-पत्रिकाको माध्यमद्वारा सन्देश, परिसम्वाद, टेलिफिल्म, पोष्टर, नाटक र लेख-रचना प्रचार प्रसार र प्रकाश गरिने र लागू औषध सम्बन्धमा विभिन्न संघ-संस्था र क्याम्पस तथा विद्यालयहरूलाई समावेश गराई प्रवचन, गोष्ठी, प्रशिक्षण कार्यक्रम काठमाडौं र अधिराज्यको विभिन्न स्थानमा गरिने कार्यक्रम रहेको छ।

लागू पदार्थको अवैध कारोवार तथा दुर्व्यसन निवारण सम्बन्धी विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सम्मेलन, कार्यशाला गोष्ठी र तालीमहरूमा नेपाल प्रहरीका अधिकृतहरू सहभागी भई सम्बद्ध निकायका सहभागी बीच आपसी विचार आदान-प्रदान गरी आएका छन्। विभागीय नीति अनुरूप लागू पदार्थको अवैध कारोवार तथा दुर्व्यसन कार्यलाई प्रभावकारी तवरबाट रोकथाम गराउन प्रत्येक अधिकृत तथा जवानलाई लागू औषधको पहिचान सम्बन्धी अनुशिक्षण कार्यक्रम क्षेत्र तथा अंचल स्तरमा केन्द्रबाट घुम्ती प्रशिक्षण टोली खटाई संचालन गराईदै आएको छ। लागू पदार्थको दुरुपयोग र दुर्व्यसनको नियन्त्रणतर्फ सम्बद्ध निकायहरू बीच सामञ्जस्यता ल्याई जनस्तरमा यो अपराध र सजायँ सम्बन्धी बढी से बढी ज्ञान गराई प्रतिकारात्मक र उपचारात्मक उपाय अपनाई नियन्त्रण कार्य गरिँदै आइएको छ।

लागू औषधको दुर्व्यसन, ओसार-पसार र बेच-बिखन आजको विश्व समुदायकै लागि ठूलो समस्या बन्न पुगेको छ। कानून लागू गर्ने निकायको हैसियतले प्रहरी निकाय नै यसको नियन्त्रण तथा अनुसन्धानको लागि प्रमुख जिम्मेवार अंगको रूपमा रहेको छ।



अवैध गाँजा प्रहरीद्वारा बरामद तथा पक्राउ

Seizure of marijuana

विगत केही वर्ष यता नेपाल प्रहरीले लागू औषधको उत्पादन, ओसार-पसार, बेचबिखन तथा दुर्व्यसनमा समेत नियन्त्रण गर्न महत्त्वपूर्ण कदमहरू चालेको करा सर्वविदितै छ केही वर्ष अघि नेपालमा लुकीछिपी गाँजाको उत्पादन हुने गरेकोमा त्यसको पूर्णतः उन्मूलन भैसकेको छ र अन्य लागू औषधको हकमा नेपाल उत्पादक राष्ट्र नभई पारवहन मार्गको रूपमा प्रयोग भएको पाइएको छ। यसतर्फ पनि पूर्णतः नियन्त्रण गर्न नेपाल प्रहरी कटिवद्ध रहेको छ। नेपाल प्रहरीको सकृयतामा आ.व. २०४५।४६ अवधिभरमा अधिराज्यभर निम्न परिमाणमा लागू औषध बरामद गरी कारवाही भएको छ।

| | |
|---|---|
| लागू औषध अपराध अन्तर्गत पक्राउ परेका व्यक्तिहरूको संख्याः | ४५५ |
| लागू औषध बरामदः | |
| गाँजा | ३,३५६ के.जी. |
| चरेश | २२७ के.जी. |
| हेरोइन | ७५ के.जी. |
| अफिम | ५ के.जी. |


श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४१ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

जिल्ला पंचायत सभापति
तथा
जिल्ला पंचायत परिवार
रोल्पा, राप्ती अंचल, नेपाल।



श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४१ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

सुर्खेत डिस्टिलरी
वीरेन्द्रनगर सुर्खेत भेरी अंचल नेपाल

# DRUGS CONTROL

The year 1989, being observed under the auspices of the U.N. as the International Year Against Drug Abuse and Drug Trafficking, was marked by organising discussions, talk-programme, seminars, etc. on Ashad 12, 2046 (26 June 1989) and was participated by various governmental and non-governmental bodies including Nepal Police.

Persuant to the decision of the 4th SAARC Summit held in Islamabad, Pakistan, in December 1988 to observe the year 1989 as "SAARC Year for Combatting Drug Abuse And Drug Trafficking", His Majesty's Govt. has constituted a National Committee comprising of various government institutions, non-governmental organisations and Nepal Police and chaired by Hon. Minister of State for Home, Mr. Niranjan Thapa, in order to chalk-out and execute appropriate programmes for the purpose which will include the dissemination of messages through discussion, roundtables, telefilms, postering, staging of plays, publication of articles and write-ups through Radio Nepal, Nepal Television and the printed media, besides the holding of talk-programmes, seminars, training sessions, etc. and involving various organisations, schools and campuses both in Kathmandu and elsewhere in the Kingdom -- all directed towards arousing public awareness against the evils of drug menace and effectively controlling drug abuse and drug trafficking -- on Marga 23rd, 2046 (8 December 1988).

As has been dealt with at length elsewhere in these pages, officials of Nepal Police have taken an active part in many a conference, seminar, workshop and training, both at the national and international levels, held on the subject of drug abuse control and trafficking. Likewise, training of each and every member of the police force has been taken up as a Departmental policy, in keeping with which mobile teams sent from the centre have been routinely conducting follow-up training programmes at the Regional and Zonal levels.




लागू पदार्थ अवैध कारोबार तथा दुर्व्यसन निवारण सम्बन्धी सार्क सदस्य राष्ट्रहरूको प्राविधिक समितिको चौथो बैठकमा नेपाली प्रतिनिधि मण्डल : ईस्लामाबाद (पाकिस्तान) ५-७ अप्रिल, १९८९

Delegation of Nepalese Experts attending the 4th Technical Committee Meeting of SAARC on the irradication of illicit Drug Trafficking and Abuse

Islamabad: 5-7 April, 1989

Drug-addiction, drug-traffic and the like have today posed a serious threat to the world community at large. And, the police force has emerged as the single most responsible outfit engaged in drug-control and investigation in its capacity of the law enforcement authority in the relevant sphere.

Steps taken by Nepal Police towards controlling drug production, drug-trafficking and marketing, besides their addiction and use, have had far-reaching implications during the last few years, as is known to many. The cultivation of hemp, a clandestine occupation for many in Nepal, has now been a thing of the past, while Nepal's role in the trafficking of other drugs has largely been that of a conduit rather than that of a producer or manufacturer. Nepal Police is determined to eradicate this manace as well. The constant vigilance of Nepal Police in FY 2045/46 (1988-89) has accordingly resulted in legal proceedings being instituted against individuals and the seizure of illicit drugs as follows:

Fiscal Year : 1988/89

| | |
|---|---|
| Persons arrested for violation of Narcotic Drugs Act: | 455 |
| Drug seized: | |
| Marijuana | 3,356 Kg |
| Hashish | 227 Kg |
| Heroin | 75 Kg |
| Opium | 5 Kg |



# सशस्त्र प्रहरी तालीम केन्द्रको स्थापना

प्रहरी नियमावली अनुसार प्रहरी सेवालाई नको प्रकृतिको आधारमा मुख्यत: २ भागमा भाजन गरिएको छ।

**१) जनपद प्रहरी**
**२) सशस्त्र प्रहरी**

अपराध नियन्त्रण र अनुसन्धान कार्यमा नपद प्रहरी हरहमेशा व्यस्त रहेका हुन्छन् भने स्त्र प्रहरी, प्रहरीकार्य सम्पादनमा अपठ्याराहरू पर्न आएमा सहायक समूहको रूपमा कार्य गर्दछन्। डाँका अपरेशन, विशिष्ट व्यक्तिहरूको सुरक्षा कार्य, असामान्य भीड तथा दंगा नियन्त्रण गर्ने कार्यहरूमा प्रहरीको यही समूह कार्यक्षेत्रमा उत्रन्छ।

यसप्रकारको कार्यप्रकृतिको दायित्व बोकेका प्रहरी कर्मचारीहरूलाई अन्य जनपद प्रहरी सरहको तालिम उपयुक्त नहुने हुँदा छुट्टै तालीम केन्द्रको आवश्यकता महसुस भई २०४५ पुस १४ गते सशस्त्र प्रहरी तालीम केन्द्रको माननीय गृह राज्यमन्त्री श्री निरन्जन थापाबाट समुद्घाटन भएको थियो। तालीम केन्द्र ककनीमा अवस्थित छ र यहाँ सेक्सन लिडिङ, नक्सा अध्ययन, हातहतियार, प्याटुन कमाण्डर, कम्पनी कमाण्डर जस्ता तालीमहरू संचालन गरिन्छन्। यस तालीम केन्द्रको मुख्य उद्देश्य सशस्त्र प्रहरीशक्ति तथा सशस्त्र कमाण्डर उत्पादन गर्नु रहेको छ।



# ARMED POLICE TRAINING INSTITUTE SET-UP

Police Regulations classify he service personnel, based on heir nature of work, into two rincipal categories as follows:

i) Civil Police
ii) Armed Police

While the Civil police personnel are primarily engaged in re-occupations such as crime ntrol and investigation, their rmed Police counterparts, in heir turn, come in handy as an uxiliary group in the event of obstacles and hindrances even as the former discharge their duties. It is also this unit that comes into the fore in cases of dacoit operations, VIP security, and abnormal crowd or riot control.

In view of the specialised responsibilities shouldered by the Armed Police the inadequacy of normal trainings imparted to members of the civil police as also the need for a separate training outfit had long been felt, resulting in the inauguration, on Poush 14, 2045, of an Armed Police Training Centre at the hands of Hon. Minister of State for Home, Mr. Niranjan Thapa. This training centre is located at Kakani. Training courses conducted here include Section Leading, Map-Reading, Small Arms, Platoon Commander, Company commander and the like, its primary aim being a further accentuation of the Armed police force and the grooming of Armed Commanders.

# अधिराज्यव्यापी वरिष्ठ प्रहरी अधिकृत सम्मेलन

सम्माननीय प्रधानमंत्री श्री मरीचमान सिंह श्रेष्ठले अधिराज्यव्यापी प्रहरी वरिष्ठ अधिकृत वार्षिक सम्मेलन २०४५ कार्तिक १० गते बिहान प्रहरी प्रधान कार्यालयमा समुद्घाटन गर्नुभयो। सो सम्मेलनमा प्रहरी प्रधान कार्यालयका विभाग तथा महाशाखाहरूका प्रमुखहरू, क्षेत्रीय प्रहरी कार्यालय तथा अंचल प्रहरी कार्यालयका प्रमुखहरू, सदर प्रहरी तालीम केन्द्र तथा क्षेत्रीय प्रहरी तालीम केन्द्रका समादेशकहरू, सशस्त्र प्रहरी गण तथा पहरा गणका गणपतिहरू र ट्राफिक प्रहरी प्रमुख समेतले भाग लिनुभएको थियो।

उक्त सम्मेलन २०४५ कार्तिक १३ गते समापन भएको र सम्मेलनमा अपराध नियन्त्रण, अनुसन्धांको प्रभावकारी उपायहरू बारे, शान्ति सुरक्षा कायम राख्न जनमुखी बनाउने र प्रहरी कर्मचारी कल्याणकारी योजना तथा कर्मचारीहरूको मनोवल बृद्धि गर्ने तरिकाहरू बारे विस्तृत रूपमा फलदायी छलफल गरिएको थियो।



सम्माननीय प्रधानमन्त्रीबाट अधिराज्यव्यापी वरिष्ठ प्रहरी अधिकृत सम्मेलनको समुद्घाटन

Rt. Hon. Prime Minister inaugurating the conference of Senior Police Officers from all over the Kingdom



सम्मेलनको दृष्य

A view of the conference




प्रहरी महानिरीक्षकबाट संबोधन

Chief of Police addressing the conference

## SENIOR POLICE OFFICERS MEET

"A three-day annual conference of senior police officers from all over the Kingdom was inaugurated by Rt. Hon. Prime Minister Marich Man Singh Shrestha on Kartik 10th, 2045 (26 Oct. 1988) at the Police Headquarters. Participants in the meet included Departmental and Divisional Heads of the Police Headquarters, Regional, Zonal and Traffic Police Chiefs, Commandants of the Central and Regional Police Training Centres, Commanding Officers

of the Armed Police Battalion and Pioneer Battalion.

Issues like effective measures for crime control and investigation, people's participation in law and order maintenance, projects for police- personnel welfare, besides ways and means of raising police morale were deliberated upon at considerable length and with effective results in the course of the meeting.





सुदूर पश्चिम क्षेत्रीय प्रहरी अधिकृत सम्मेलनको एक दृश्य

A view of Far Western Regional Police Officers' Conference


श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४१ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

महाकाली सेती वस तथा मिनिवस व्यवसाय समिति
र
लारी डिस्टीलरी
महेन्द्रनगर, कन्चनपुर
महाकाली अंचल, नेपाल।





# तालीम
# TRAINING









# प्रहरी प्रधान कार्यालय तालीम शाखा

सदर प्रहरी तालीम केन्द्र र क्षेत्रीय प्रहरी तालीम केन्द्रहरूमा संचालन गरिने विभिन्न आधारभूत तालीम, उन्नत तालीम, प्राविधिक तालीम, सशस्त्र प्रहरी सम्बन्धी तालीम, ट्राफिक तालीम, साथै विभिन्न विषयमा दिइने अनुशिक्षण कार्यक्रम सुव्यवस्थित ढंगले संचालन गर्ने व्यवस्था प्रहरी प्रधान कार्यालय तालीम शाखाले गर्दछ। यस प्रकारको महत्त्वपूर्ण अभिभारा बोकेको यस शाखालाई तालीम महा-शाखा स्तरमा पुऱ्याउने लक्ष्य प्रहरी विभागले राखेको छ। तालीम शाखाले विभागिय नीति र आवश्यकता अनुसार आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न वार्षिक तालीम कार्यक्रमहरूको तर्जुमा गरी सो कार्यक्रम अनुसार तालीमहरू संचालन गर्न केन्द्रीय तथा क्षेत्रीय तालीम केन्द्रहरूलाई निर्देशन दिन्छ।

अधिराज्यभरीका सबै प्रहरी तालीम केन्द्रहरूसँग समन्वय राखी संचालित तालीमहरूमा एकरूपता ल्याउने गर्दछ। पाठ्यक्रमको तर्जुमा तथा सम्बन्धित तालीमको लागि आवश्यक पाठ्यपुस्तकको प्रकाशन तालीम शाखाको अर्को महत्त्वपूर्ण कार्य हो। विभिन्न सरकारी निकाय तथा संघ संस्थाहरूले संचालन गर्ने प्रशासन एवं व्यवस्थापन तालीमहरूमा स्थान सुरक्षण तथा प्रशिक्षार्थीहरू छनौट गरी पठाउने काम पनि तालीम शाखाकै हो। यसको अतिरिक्त प्रहरी कर्मचारीहरूलाई विदेशमा तालीम लिन सम्पूर्ण व्यवस्था पनि यसले गर्दछ। प्रहरी कर्मचारीहरूले प्राप्त गरेको तालीमको अभिलेख राख्ने, स्वदेश तथा विदेशमा संचालन हुने तालीमहरूको लागि प्रशिक्षार्थी छनौट आधार तर्जुमा गरी प्रशिक्षार्थीहरूको मनोनयन गर्ने र केन्द्र तथा क्षेत्रहरूमा संचालन भएको तालीमहरूको प्रगति समीक्षा एवं मूल्यांकन गर्ने कार्य समेत तालीम शाखाले नै गर्ने गर्दछ। विभागको तालीम सम्बन्धी नीति निर्देशनलाई कार्यान्वयन गर्ने तथा गराउने कार्य नै तालीम शाखाको महत्त्वपूर्ण पक्ष रहेको छ।

## POLICE HEADQUARTERS TRAINING SECTION

The proper management and coordination of various training activities and programmes conducted by the Central Police Training Centre and Regional Police Training Centres— trainings, for example, like Basic, Advanced, Technical, Armed Police, Traffic, etc. come under the purview of the Training Section of Police Headquarters. Keeping in view its onerous responsibilities, the Police Department has set up the objective of upgrading it into a Division. This Section annually formulates the training programmes and plans in keeping with the departmental policy and requirements with a view to develop trained manpower besides providing guidelines for implementation by the Central and Regional Training outfits.

Thus its efforts are directed towards overseeing the need for establishing uniformity in the various police trainings imparted by different outfits throughout the Kingdom. Another important sphere of its activity is the formulation of curriculum and production of necessary text books and publications needed for the various trainings. Besides, it also undertakes the task of selecting trainees and nominees to participate in administrative and management courses conducted by different govt. bodies and other organisations. Arrangements for sending additional Police personnel for trainings abroad are also made by this Section.

Its other activities include the maintenance of records relating to training obtained by police personnel, nomination of trainees for participation in courses both at home and abroad on the basis of selection criteria formulated by it, and monitoring and evaluation of various training programmes conducted at the Central and Regional levels. As such, the implementation of departmental policy directives in the sphere of police training forms an important aspect of this Section's activities.

*Happy Birthday to Her Majesty the Queen*

*LET US USE THE HIGHEST QUALITY
SOAPS LILY AND SHERPA
MAYUR, MAYUR SUPERTOP,
RAVI SONA AND HARSHA*

**SRI PASHUPATI SOAP INDUSTRIES (P) LTD.**

SONAPUR (DUHABI) SUNSARI KOSIANCHAL, NEPAL

# तालीम

तालीम प्रहरी जीवनको कसी हो। तालीम कुनै पनि सेवाको लागि अत्यावश्यक छ किनकि, तालीमको माध्यमबाट नै कुनै पनि व्यक्तिले सम्बन्धित पेशा सम्बन्धमा आधारभूत कुराहरू थाहा पाउँछ र व्यावसायिक शीप आर्जन गर्न सक्दछ।

प्रहरी जस्तो अनुशासित तथा मर्यादित फोर्समा त झन तालीमको आवश्यकता मात्र नभई अनिवार्यनै हुन्छ भन्नुमा अत्युक्ति नहोला। कुनै एक शिक्षित नागरिकले शिक्षालयहरूबाट सिक्ने ज्ञान मात्र प्रहरी जस्तो बहुपक्षीय भूमिका र महत्वपूर्ण दायित्व भएको सेवामा पर्याप्त हुन सक्दैन। एक योग्य प्रहरी हुन उसमा व्यावसायिक शीप र ज्ञानको अतिरिक्त अनुशासन तथा दृढ इच्छाशक्तिका साथै लगनशीलता, सहनशीलता र संयम जस्ता गुणहरु समेत हुनु अत्यावश्यक छ।

सत्य सेवा सुरक्षणम्को मूलमन्त्र लिएको प्रत्येक प्रहरी, समाजमा शान्ति सुव्यवस्था र अमनचैन कायम गर्ने तथा अपराधको नियन्त्रण र अनुसन्धान गर्ने जस्तो महत्वपूर्ण र जटिल दायित्व आफ्नो काँधमा लिएर हिंडेको हुन्छ।

समयको गति संग संगै सक्षम तथा दक्ष रहनु पर्ने प्रहरी कर्मचारीको शीप, कौशल र दक्षतालाई अभिवृद्धि गराउन सदर प्रहरी तालीम केन्द्रबाट प्रहरी अधिकृतहरूको आधारभूत र उन्नत तालीम संचालन गरिन्छ भने क्षेत्रीय तालीम केन्द्रहरूबाट प्रहरी हवल्दार तथा जवानहरूलाई प्रशिक्षित गरिने व्यवस्था गरिएको छ।

## सामान्य प्रहरी प्रशासन तालीम

नेपाल प्रहरीका सिनियर अधिकृतहरूलाई व्यवस्थापनका विविध पक्षहरूबारे आवश्यक सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरी योग्य प्रशासक बनाउने उद्देश्यले यो तालीम सदर प्रहरी तालीम केन्द्रमा संचालन हुन्छ। २१ कार्यदिनको यो तालीम आ.व. २०४५।४६ मा २६ जनालाई दिई प्रशिक्षार्थीहरूमा प्रशासन व्यवस्थापन तथा नेतृत्वका विभिन्न पक्षहरूमा राम्रो ज्ञान प्रदान गरेको र कार्य सम्पादनमा अपेक्षित रूपमा उद्देश्य पूर्ति भएको छ।



दिक्षान्त कवाजका प्रशिक्षार्थी अधिकृतहरूद्वारा मार्च-पास्ट सलामी

March-past by passing out officers




मा. गृह राज्यमन्त्रीबाट सलामी ग्रहण

Hon State Minister for Home taking salute


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह सरकारको
४१औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं।

जिल्ला पंचायत परिवार
बारा, नारायणी अंचल





कम्प्युटर परिचयात्मक तालीमको दृश्य

A scene of Computer Familiarisation Course

मा. गृह राज्यमन्त्रीबाट उत्कृष्ट प्रशिक्षार्थी अधिकृतलाई पुरस्कार वितरण

Hon. State Minister for Home distributing prizes to outstanding cadets.


ON THE AUSPICIOUS OCCASION
OF
THE BIRTHDAY OF
HER MAJESTY QUEEN AISHWARYA
RAJYA LAXMI DEVI SHAH
WE HUMBLY EXTEND OUR HEARTY
GREETINGS AND BEST WISHES TO
HER MAJESTY THE QUEEN
AND PRAY FOR THE GOOD HEALTH,
HAPPINESS AND LONG LIFE

G.L. Carpet Industries (Pvt.) Ltd.
Manufacturer & Exporter of Fine & High Quality
Handknitted Woollen Carpets & you will find the
Carpets without any abrash.

Tel : 4-10519
Tlx : NP 2273 HTT
Attn : GICI

Mhaipi, Nayabazar
Kathmandu
Nepal.

ON THE AUSPICIOUS OCCASION
OF
THE 39TH BIRTHDAY OF
HER MAJESTY QUEEN AISHWARYA
RAJYA LAXMI DEVI SHAH
WE HUMBLY EXTEND HEARTIEST
FELICITATIONS AND BEST WISHES

Jawalakhel Handicraft Centre
Pvt. Ltd.

P.O. Box : 263, Jawalakhel
Lalitpur, Nepal.

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४१औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य एवं अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं।

हेटौंडा सिमेन्ट उद्योग लि.
मकवानपुर
नारायणी अंचल, नेपाल।

उच्च गुण स्तरको हेटौंडा सिमेन्ट प्रयोग गरी ढुक्क हुनुहोस्

## कम्प्युटर परिचयात्मक तालीम

बढ्दो जनसंख्या, सवारी साधन, अपराधको जटिलता र द्रुततालाई समेत अवलोकन तथा मनन गरी वर्तमान प्रहरी सेवाका विभिन्न क्षेत्रहरूमा आधुनिकीकरण तथा वैज्ञानिक्किरण गर्न आवश्यक ठानेर नेपाल प्रहरीले पनि आफ्नो भइरहेको सामान्य कम्प्युटर प्रणालीलाई विस्तृत गर्ने लक्ष्य राखेको छ। यसै क्रममा प्रहरी प्रधान कार्यालयको हाताभित्र मुख्य कम्प्युटर केन्द्र भवनको निर्माण भई आवश्यक कम्प्युटर उपकरणहरू जडान गर्ने कार्य समेत प्रारम्भ भइसकेको छ। आगामी दिनहरूमा नेपाल प्रहरीले पनि प्राथमिकताको आधारमा विभिन्न आवश्यक क्षेत्रहरूमा कम्प्युटरको प्रयोग गर्ने योजना राखेको छ।

प्रहरी सेवाका विभिन्न क्षेत्रहरूमा कम्प्युटरको प्रयोग भएपछि काममा सुगमता र शीघ्रता आउने कुरा निःसन्देह छ। यसप्रकार कम्प्युटरको प्रतिस्थापना हुन अघि सम्बन्धित प्रहरी अधिकृतहरूलाई पनि यसको कार्यदक्षता र उपयोगिता बारे अवगत गराउन अत्यावश्यक ठानी प्र.प्र. का. तथा काठमाडौं स्थित विभिन्न प्रहरी कार्यालयहरूका प्रहरी अधिकृतहरूलाई कम्प्युटर केन्द्रको सहयोगमा कम्प्युटर सम्बन्धि परिचयात्मक तालीम संचालन गरिएको थियो।

### विदेशमा तालीम

विकासको साथ-साथै अपराधको प्रकृति र अपराध कार्यविधिमा आएको जटिलतासँग समयसापेक्ष मुकाविला गर्न नेपाली प्रहरीलाई पनि समयानुकूल दक्ष तथा कुशल बनाउन नितान्त आवश्यक छ। यसै आवश्यकता परिपूर्तिको लागि आ.ब. २०४५।४६ अवधिमा नेपाल प्रहरीका २४ जना प्रहरी अधिकृतहरूलाई विदेश तालीममा पठाइसकेको छ। कोलम्बो प्लान, डब्लु.एच.ओ., जे.आई.सी.ए., सार्क जस्ता संगठन तथा अन्य मित्रराष्ट्रहरूबाट समेत नेपाल प्रहरीका अधिकृतहरूलाई प्रशिक्षित गराउन छात्रवृत्तिहरू प्राप्त हुने गरेको छ।

## लागू औषध तालीम

लागू औषधको विश्वव्यापी रूपमा बढ्दो दुष्प्रभावलाई मध्यनजर राखी नेपाल प्रहरीका अधिकृत तथा जवानहरूलाई यसको परिचय गराउने उद्देश्यले यो तालीम संचालन गरिएको छ। १० कार्यदिनको लागू औषध परिचय तालीम अधिकृतहरूको लागि व्यवस्था गरिएको छ भने प्रहरी जवानहरूलाई ७ कार्यदिन अवधिको लागू औषध परिचयात्मक घुम्ती अनुशिक्षण कार्यक्रम अन्तर्गत विभिन्न क्षेत्र तथा [illegible] प्रशिक्षण दिने [illegible] छ।

## हतियार तालीम

नेपाल प्रहरीका अधिकृत तथा जवानहरूलाई आफूले प्रयोग गर्नुपर्ने विभिन्न हातहतियार बारे अल्पकालिन प्रत्यास्मरण तालीम कार्यक्रम राखिएको छ। हातहतियारको विभिन्न हिस्सा, तिनीहरूमा आउने खराबी र मर्मत सम्भारका साथै हतियारको सही प्रयोग गर्ने तरिका बारे आवश्यक ज्ञान तथा शीप यस तालीममा प्रदान गरिन्छ।









## घुम्ती अनुशिक्षण कार्यक्रम

सदर प्रहरी तालीम केन्द्रको तत्वावधानमा लागू औषध, रेकर्ड व्यवस्थापन तथा लेखा सम्बन्धि परिचयात्मक अनुशिक्षण कार्यक्रम राखी अधिराज्यका विभिन्न क्षेत्र, अंचल तथा जिल्लाहरूमा घुमी उपरोक्त विषयहरूको ७ दिने परिचयात्मक तालीम गराउन थालिएको छ। प्रहरी कर्मचारीहरूलाई उपरोक्त विषयहरूमा सामान्य परिचय गराउने यस अनुशिक्षण कार्यक्रमको उद्देश्य रहेको छ। यस प्रकारको तालीमले कार्यक्षेत्रमा काम गर्ने प्रहरी कर्मचारीहरूलाई ठूलो व्यावहारिक लाभ पुगेको महसुस गरिएको छ।

सदर प्रहरी तालीम केन्द्रबाट प्रहरी कर्मचारीलाई मात्र नभई निजामति सेवाका कर्मचारीहरूको लागि पनि केही तालीमहरू संचालन गर्दै आएको छ। आ.ब. २०४५।४६ सालमा निजामति सेवातर्फका कर्मचारीहरूको लागि पनि निम्न तालीमहरू संचालन गरिएका थिए।

| | |
|---|---|
| (१) राष्ट्रिय सेवा तालीम (प्र.जि.अ.) द्वितीय टोली | २० जना |
| (२) शाखा अधिकृत तालीम, प्रथम टोली | ८५ जना |
| (३) अध्यागमन तालीम, प्रथम टोली | १४ जना |
| (४) अध्यागमन तालीम, द्वितीय टोली | ८३ जना |
| जम्मा | २०२ जना |

